# *अनिदो पहाडसँगै* उपन्यासमा प्रगतिवादी चेतना

**हिममाया पौडेल**

उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, पोखरा

इमेल : himmayapoudel10@gmail.com

DOI: https://doi.org/10.3126/prajna.v126i1.86310

**लेखसार**

*प्रस्तुत आलेख अनिदो पहाडसँगै उपन्यासमा प्रगतिवादी चेतनाको सन्दर्भ निर्क्योल गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसमा प्रगतिवादी साहित्य सिद्धान्तका आधारमा तत् तत् सन्दर्भ र मुखरित मुक्तिका स्वरहरूको सूक्ष्म रूपमा अनुशीलन गरिएको छ । सामग्री सङ्कलनको पुस्तकालयीय कार्य अवलम्बन गरिएको यस लेखमा प्राथमिक/मूल सामग्रीका रूपमा अनिदो पहाडसँगै उपन्यासलाई र अनुसन्धान प्रबन्ध, पुस्तक, लेख, जर्नल, विद्युतीय सामग्री आदि द्वितीय सामग्रीहरूलाई आवश्यकताअनुसार अनुप्रयोग गरिएको छ । अनुसन्धानको गुणात्मक पद्धतिमा आधारित यस लेखमा तथ्यहरूको व्याख्याका लागि विश्लेषणात्मक विधि उपयोग गरिएको छ । प्रस्तुत उपन्यासमा २०१७ सालपछिको पञ्चायती व्यवस्था, २०३५ सालको सशक्त विद्यार्थी आन्दोलन र त्यसको प्रभावबाट २०३६ सालमा घटित जनमतसङ्ग्रह, नेपाली सामाजिक तथा राजनीतिक जीवनमा आएका उथलपुथल, नेपालीले भोग्नुपरेका पीडा, दुःख, दर्द र सङ्घर्ष, वर्गीय उत्पीडन, लैङ्गिक थिचोमिचो, सत्ताको दमन एवम् त्यसप्रतिको प्रतिरोध, घात-प्रतिघात, आशा-निराशा आदिको चित्रण गरिएको छ । यिनै घटनाक्रमको कलात्मक प्रस्तुतिमा प्रगतिवादी चेतनाका सन्दर्भ र स्वरहरू प्रस्ट रूपमा मुखरित गरिएकाले उल्लिखित उपन्यास पारिजातको सफल प्राप्ति रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** प्रगतिवाद, मार्क्सवाद, द्वन्द्वात्मक भौतिकवाद, पुँजीवादी समाज, वर्गीय संरचना ।

## विषयपरिचय

पारिजात नेपाली साहित्यकी सशक्त नारी हस्ताक्षर हुन् । बी.ए. सम्मको औपचारिक अध्ययन गरेकी पारिजातका *शिरीषको फूल* (२०२२), *महत्ताहीन* (२०२५), *बैंसको मान्छे* (२०२९), *तोरीबारी बाटा र सपनाहरू* (२०३३), *अन्तर्मुखी* (२०३४), *उसले रोजेको बाटो* (२०३५), *पर्खालभित्र र बाहिर* (२०३४), *अनिदो पहाडसँगै* (२०३९), *परिभाषित आँखाहरू* (२०४६) र *बोनी* (२०४८) उपन्यासहरू प्रकाशित छन् । त्यस्तै *आकाङ्क्षा* (२०१४), *पारिजातका कविता* (२०४४) र *बैँसालु वर्तमान* (२०५०) गरी तीन वटा कवितासङ्ग्रह, *आदिम देश* (२०२५), *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँसु* (२०४३), *बधशालामा जाँदा आउँदा* (२०४९) कथासङ्ग्रहहरू र *आधी आकाश* (२०४८) निबन्धसङ्ग्रह तथा विभिन्न आत्मसंस्मरणहरू प्रकाशित छन् । रूपकबाहेक यी विभिन्न विधामा

सशक्त रूपमा कलम चलाएकी पारिजात मूलतः आख्यानकार हुन् । नेपाली सहित्यको गहिरो साधना गरेअनुरूप उनले *शिरीषको फूल*का लागि मदन पुरस्कार (२०२२) प्राप्त गरेकी छन् भने युगज्ञान पुरस्कार (२०२७), उत्कृष्ट पाण्डुलिपि पुरस्कार (२०४९), गंकी बसुन्धरा पुरस्कार (२०४९) आदि पनि प्राप्त गरेकी छन् (पाण्डे, २०६४, पृ.१७६-१७७) । यसबाहेक पारिजात स्मृतिग्रन्थ प्रकाशित गरेर पनि उनलाई सम्मान गरिएको छ ।

*अनिदो पहाडसँगै* राजनीतिक एवम् सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । जीवनको कष्टकर भोगाइ, स्वाभिमानी एवम् विद्रोही चेतना, राल्फा आन्दोलनमा संलग्नता, प्रगतिवादी लेखक तथा साहित्यकारहरूसितको सम्पर्क, निम्न श्रमजीवीप्रति सहानुभूतिका कारण सिर्जित पारिजातको उपन्यासकारितामा *अनिदो पहाडसँगै* पनि सशक्त उपन्यास मानिन्छ (चैतन्य, २०६४, पृ.७७) । प्रस्तुत उपन्यासमा २०३५/०३६ सालमा नेपालको राजनीतिक क्षेत्रमा आएका आरोह-अवरोह तथा २०१७ सालपछिको पञ्चायती व्यवस्थामा नेपालीले भोग्नुपरेका आहत, दर्द र सङ्घर्षलाई आधार बनाइएको छ । पारिजातको *अनिदो पहाडसँगै* उपन्यास उनका अन्य उपन्यासभन्दा परिपक्व देखिन्छ । उनले *तोरीबारी बाटा र सपनाहरू* उपन्यासबाट सुरु गरेको यस यात्रालाई *पर्खालभित्र र बाहिर* उपन्याससम्म ल्याइपुर्‍याउँदा यसमा परिपक्वता देखाइसकेकी छन् (पाण्डे, २०६४, पृ.३१४) । उनका उपन्यासमा सामाजिक र राजनीतिक विषयवस्तु, आलोचनात्मक यथार्थवाद, वर्गीय असमानताको चित्रण, निम्नवर्गका पात्रहरूप्रति सहानुभूति, जीवनवादी स्वर, राजनीतिकर्मीको भ्रष्ट र गैरजिम्मेवार क्रियाकलापप्रति घोचपेच, क्रान्तिकारी चेतना, ग्रामीण तथा सहरिया परिवेशको यथार्थ चित्रण र सरल, सहज र सम्प्रेषणयुक्त भाषा यिनका मूल प्रवृत्ति रहेका छन् । उनको *अनिदो पहाडसँगै* उपन्यास मार्क्सवादी दर्शनका आधारमा लेखिएको उच्च सिर्जना मानिन्छ । यसमा आर्थिक कारणले समाजमा उत्पन्न वर्गविभेद र तिनीहरूबिच हुने अन्तर्द्वन्द्वको यथार्थ, निम्नवर्गीय जनजीवनमाथि गरिएको दमन र परेको आघातका अतिरिक्त श्रमजीवी वर्गको विजयको आशावादिता मुखरित गरिएको छ ।

लामो समयदेखि समाजमा विद्यमान वर्गीय, जातीय र लिङ्गगत विभेद रहेको सन्दर्भलाई साहित्यका विभिन्न विधाहरूले जस्तै आख्यानका क्षेत्रमा पनि नेपाली उपन्यासहरूले सशक्त रूपमा अभिव्यक्त गरेका देखिन्छन् । उपन्यासमा अन्तर्भूत ती पक्षहरूलाई संरचनागत तत्त्वका आधारमा र केही अन्य पक्षमा समीक्षा तथा विश्लेषण पनि हुँदै आएका छन् । यस लेखमा मार्क्सवादी सिद्धान्तका आधारमा उल्लिखित उपन्यासमा प्रयुक्त प्रगतिवादी चेतनालाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ ।

समालोचनाका क्षेत्रमा प्रगतिवादको भूमिका महत्त्वपूर्ण छ । प्रगतिवादी समालोचनासँग सम्बन्धित सैद्धान्तिक अध्ययनहरू हुँदै आएको पाइए पनि प्रायोगिक अध्ययनहरू कम नै भएको पाइन्छ । प्रस्तुत शीर्षकको सेरोफेरोमा भएका सैद्धान्तिक तथा प्रायोगिक कार्यहरूको पुनरावलोकन यस प्रकार गरिएको छ :

प्रगतिवादी समालोचनाको मूल आधार मार्क्सवाद हो । मार्क्सवादको एउटा पक्ष सौन्दर्यशास्त्र हो । ढकाल (२०५४) को *मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना* शीर्षकको पुस्तकमा यससम्बन्धी चर्चा गरिएको छ । यस पुस्तकमा मार्क्सवादी सौन्दर्यशास्त्रको विषय, कला र यसको प्रकृति, सौन्दर्यपरक प्रवर्ग, कलात्मक संज्ञान र प्रतिबिम्बन सिद्धान्त, कला र बिम्ब, कला र विचारधारा, अन्तर्वस्तु र रूप समाजवादी यथार्थवाद, माओ र सौन्दर्यशास्त्र, सौन्दर्यशास्त्रीय संशोधनवाद, पूर्वीय चिन्तनमा सौन्दर्य, साहित्य, नेपाली साहित्यमा सौन्दर्य चिन्तनको विकास गरी विभिन्न शीर्षकमा चर्चा गरिएको छ ।

मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना गर्ने उद्देश्यले तयार गरिएको प्रस्तुत पुस्तकमा मार्क्सवादी सौन्दर्यशास्त्रले कला धारणामा यथार्थ र विज्ञानसम्मत मार्ग अवलम्बन गरेको, द्वन्द्ववादी दृष्टिकोणलाई अवलम्बन नगरी कलाको सारसम्म पुग्न सम्भव नहुने दृष्टि राखेको, कला सामाजिक चेतना र मानव कार्यकलापको एउटा विशिष्ट रूप भएको जस्ता विचार व्यक्त गरिएको छ (पृ.१-१२)। मार्क्सवादी सौन्दर्यात्मक कला पक्षको विवेचनामा केन्द्रित प्रस्तुत सैद्धान्तिक कार्यभन्दा यस अध्ययन भिन्न, नवीन र प्रायोगिक रहेको छ।

सौन्दर्यशास्त्रलाई मार्क्सवादको मूल प्रतिपाद्य मान्दै यसबारे अध्ययन लेखन हुँदै आएको देखिन्छ। बराल (२०५६) को *उपन्यासको सौन्दर्यशास्त्र* पुस्तकमा उपन्यास विधाको सौन्दर्यशास्त्रीय अध्ययन भएको छ। यस पुस्तकमा उपन्यास अध्ययनः स्वरूप र प्रवृत्ति, उपन्यास संरचना र संरचनात्मक पक्ष, उपन्यास चिन्तनका सौन्दर्यशास्त्रीय पक्षहरू, उपन्यासको मार्क्सवादी सौन्दर्यशास्त्र लगायतका पक्षमा चर्चा गरिएको छ। उपन्यासको मार्क्सवादी सौन्दर्यशास्त्रअन्तर्गत उपन्यासको विधासिद्धान्त र मार्क्सवाद, मार्क्सवाद र उपन्यास चिन्तनको ऐतिहासिकता, उपन्यास र मार्क्सवादी सौन्दर्यशास्त्रका आधारभूत पक्ष, उपन्यास औद्योगिक समाजको उपज, उपन्यास आधुनिक महाकाव्यको रूपमा, अन्तर्वस्तु तथा रूपको द्वन्द्वात्मकतामा केन्द्रित रहेर चर्चा गरिएको छ। अन्तर्वस्तु तथा रूपको द्वन्द्वात्मकताअन्तर्गत अन्तर्वस्तु तथा रूप उपन्यासका आन्तरिक र बाह्य पक्ष भएकाले अन्तर्वस्तुले 'के' लाई र रूपले 'कसरी' लाई स्पष्ट गर्ने उल्लेख गरिएको छ। त्यस्तै रूपका पनि बाह्य र आन्तरिक पक्ष हुने कुरा उल्लेख गर्दै बाह्य रूप आकृति र भित्री रूप संरचनागत तहको व्यवस्थापनको समग्रता भएको विचार व्यक्त गरिएको छ। प्रस्तुत सैद्धान्तिक कार्यभन्दा यस अध्ययन पृथक् रहेको छ।

साहित्य विश्लेषणको एउटा पक्षका रूपमा समाजवादी यथार्थवाद देखापर्छ। पाण्डे (२०६४) को पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद शीर्षकको शोधग्रन्थ यस दृष्टिबाट तयार गरिएको छ। पारिजातका सबै उपन्यासको समाजवादी यथार्थवादका आधारमा विश्लेषण गर्ने उद्देश्य राखिएको प्रस्तुत ग्रन्थमा पारिजातका अन्य कृतिहरूको पनि सामान्य चर्चा गरिएको छ। विभिन्न दश परिच्छेदमा संरचित यस ग्रन्थअन्तर्गतका अरू परिच्छेदका सामग्रीभन्दा परिच्छेद छको पारिजातका समाजवादी यथार्थवादी उपन्यासहरू भन्ने शीर्षक यस अध्ययनको निकट रहेको देखिन्छ। जसमा पारिजातका *तोरीबारी बाटा र सपनाहरू* (२०३३), *उसले रोजेको बाटो* (२०३४), *पर्खालभित्र र बाहिर* (२०३४) तथा *अनिदो पहाडसँगै* (२०३९) गरी चार उपन्यासको समाजवादी यथार्थवादी सिद्धान्तलाई आधार बनाई विश्लेषण गरिएको छ। यीमध्ये *अनिदो पहाडसँगै* उपन्यासको विश्लेषणका क्रममा वैचारिकता, चरित्र निर्माण, कथ्यगत दृष्टि, अभिव्यक्तिमा समाजवादी यथार्थवाद, वस्तुविन्यास र संरचना, ऐतिहासिक विषयवस्तुको प्रस्तुति तथा केही कमजोरी, त्रुटि र दुर्बलतालाई आधार बनाई विश्लेषण गरिएको छ (पृ. ३१६-३३८)। मूलतः औपन्यासिक तत्त्व र अंशतः समाजवादी यथार्थवादको सार ग्रहण गरी अध्ययन भएको त्यस कार्यभन्दा प्रगतिवादी साहित्य विश्लेषणका मुख्य आधारअनुरूप अध्ययन विश्लेषणमा केन्द्रित यस अध्ययन पृथक् र मौलिक रहेको छ।

त्यसै गरी शिवकुमार मिश्रको *मार्क्सवादी साहित्य चिन्तन* (सन् १९७३), ऋषिराम भुसालको *प्रगतिवादी समालोचना र नेपाली समालोचनामा त्यसको प्रयोग* (२०३८), देवीप्रसाद गौतमको *प्रगतिवाद : परम्परा र मान्यता* (२०३८), पशुपतिनाथ तिमल्सेनाको *प्रगतिवादी कविता : मान्यता र*

*प्रवृत्ति* (२०६४), दीपक गौतमको *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति* (२०६४), चैतन्यको *मार्क्सवादी कलादृष्टि र सौन्दर्य* (२०६४) आदि शीर्षकमा पनि अध्ययनहरू भएका देखिन्छन् ।

प्रस्तुत पूर्वकार्यको पुनरवलोकनका आधारमा प्रगतिवादी दृष्टिमा धेरै सैद्धान्तिक अध्ययनहरू भएका तर प्रायोगिक अध्ययनहरू भने त्यति नभएको देखिन्छ । आख्यान नेपाली भाषा साहित्यको सशक्त क्षेत्र हो । यस क्षेत्रमा विभिन्न दृष्टिले गहन एवम् व्यवस्थित अध्ययन हुँदै जानुपर्ने आवश्यकता स्पष्ट देखिएको छ । वस्तुत : आख्यानका क्षेत्रमा *अनिदो पहाडसँगै* उपन्यासमा प्रगतिवादी चेतनामा केन्द्रित भई अध्ययन नभएकाले यही शोध अन्तराललाई उपयोग गरी यो अध्ययन अघि बढाइएको हो । यस लेखको महत्त्व र अनुसन्धेय उपादेयता पनि प्रस्तुत सन्दर्भमा नै निहित छ ।

प्रगतिवादी साहित्य विश्लेषणको प्रमुख आधार मार्क्सवाद हो । यो समाजमा जागरण उत्तेजक विचारधारा पनि हो । नेपाली साहित्य र विशेष गरी आख्यानका क्षेत्रमा पनि यस विचारलाई उपयोग गरिएका प्रशस्त उदाहरण पाइन्छन् । नेपाली कथा, उपन्यासमा यसको उपयोग के कसरी भएको छ ? त्यसको वस्तुगत, गहन र व्यवस्थित अध्ययन हुँदै जानुपर्ने आवश्यकता देखिन्छ । यही सन्दर्भलाई दृष्टिगत गरी *अनिदो पहाडसँगै* उपन्यासमा प्रगतिवादी चेतनाका के-कस्ता सन्दर्भहरू प्रस्तुत भएका छन् ? र वर्गीय मुक्तिका लागि के-कस्ता स्वरहरू मुखरित भएका छन् ? भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा यो लेख केन्द्रित छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख अनुसन्धानको गुणात्मक पद्धतिमा आधारित छ । गुणात्मक तथ्य प्राप्तिका लागि प्राथमिक सामग्रीका रूपमा सोद्देश्यमूलक नमुना छनोटका आधारमा छनोट गरिएको *अनिदो पहाडसँगै* (२०३९) उपन्यासलाई र द्वितीय सामग्रीका रूपमा अनुसन्धानमूलक पुस्तक, लेख, जर्नल र विद्युतीय पाठ्यसन्दर्भहरूको गहन अध्ययन तथा अनुशीलन गरी पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस लेखमा तथ्यहरूको व्याख्याका लागि विश्लेषणात्मक विधि उपयोग गरिएको छ भने तथ्यहरूको प्रस्तुति र विश्लेषणमा एपिए सातौँ संस्करणलाई अवलम्बन गरिएको छ ।

प्रस्तुत *अनिदो पहाडसँगै* उपन्यासमा प्रगतिवादी चेतनाका स्वरहरू अध्ययनका लागि सैद्धान्तिक आधार मार्क्सवादी सिद्धान्त रहेकाले यसका मूल पक्ष पुँजीवादको आलोचना र प्रतिरोध, वर्गसङ्घर्षको सिद्धान्त, द्वन्द्वात्मक भौतिकवादी दार्शनिक मान्यता एवम् इतिहासको भौतिकवादी व्याख्यामा केन्द्रित गरी तथ्यहरूको विश्लेषण गरिएको र त्यसका आधारमा निष्कर्ष स्थापित गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रगतिवाद मार्क्सवादमा आधारित दर्शन हो । अर्थात् प्रगतिवादको मूल दर्शन मार्क्सवाद हो । प्रगतिवाद मार्क्सवादमा आधारित विचारधारा भएकाले प्रगतिवादबारे स्पष्ट हुनुभन्दा पहिले मार्क्सवादी दर्शनको ज्ञान एवम् जानकारी राख्नु आवश्यक हुन्छ । मार्क्सवादको परिचय खुलाउने क्रममा अधिकारी (२०५६) ले आफ्नो भनाइ यसरी राखेका छन् :

> मार्क्सवाद-क्लासिकल जर्मन दर्शन, क्लासिकल बेलायती अर्थशास्त्र र फ्रान्सेली समाजवादको आधार लिएर मार्क्सले प्रतिपादन गरेको दर्शन हो । यसमा यी तीन पक्षका कुराहरूलाई सुधार गरी संसारको गतिशीलता र मानव जातिको विकासका

लागि उपयुक्त बनाएर व्याख्या र विश्लेषण गरिएको छ। यस दर्शनका द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद दुई पक्ष छन्। यी दुई पक्षलाई मिलाउँदा द्वन्द्वात्मक-ऐतिहासिक भौतिकवाद हुन्छ। त्यसैले मार्क्सवादलाई द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद पनि भनिन्छ (पृ.१-२)।

यसरी प्रगतिवादी दर्शनअन्तर्गत ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण अन्तर्निहित रहन्छ। द्वन्द्वात्मक भौतिकवादले पदार्थमा गति रहने प्रक्रियालाई स्वीकार गर्छ। हेगेलका अनुसार वाद, प्रतिवाद र संवादका माध्यमबाट द्वन्द्वात्मक पद्धतिले आफ्नो गतिशील मार्ग निर्धारण गर्छ (अधिकारी, २०५६, पृ.२ मा उद्धृत)। यस विचारले द्वन्द्व र गतिशील प्रक्रियाका कारण पदार्थमा परिवर्तन आउने कुरालाई स्पष्ट गर्दछ।

कार्ल मार्क्स (सन् १८१८-१८८३) द्वारा प्रतिपादित मार्क्सवाद समयक्रमसँगै विकसित र परिवर्धित देखिन्छ। यो एङ्गेल्स (सन् १८२०-१८९५) र लेनिनका विचारबाट विकसित देखिन्छ। लेनिनले इतिहासको आवश्यकताअनुसार मार्क्सवादलाई रचनात्मक र सिर्जनात्मक रूपमा विकसित गर्दै गएको देखिन्छ। त्यसैले मार्क्सवादलाई मार्क्सवाद लेलिनवाद भनिएको पनि छ (भट्टराई, २०६९, पृ.१३३)। यिनैका मान्यतामा आधारित सिद्धान्त मार्क्सवादी सिद्धान्त हो। यथार्थवादमा मार्क्सवादी दर्शनको प्रधानता रहन थालेपछि यसलाई एकातिर समाजवादी यथार्थवाद र अर्कातिर सन्दर्भअनुसार प्रगतिशील वा प्रगतिवादी विचार, परिवर्तनकारी विचार, क्रान्तिकारी विचार, मार्क्सवादी विचार आदि नामले पनि बुझाउन थालिएको पाइन्छ (भण्डारी र पौडेल, २०६३, पृ. २३९-२४०)। साहित्य चिन्तनको सोभियत परम्परा र समाजवादी यथार्थवादको स्थापनाले मार्क्सवादी साहित्य सिद्धान्तको विकासमा योगदान दिएको देखिन्छ। ती चिन्तक र तिनका चिन्तनको विश्लेषणका आधारमा मार्क्सवादी समालोचनाको विकासक्रम र मान्यताको बोध गर्न सकिन्छ।

नेपालका सन्दर्भमा वि.स. २००६ को नेपाल कम्युनिस्ट पार्टीको स्थापनासँगै नेपाली साहित्य र समालोचना लेखनमा पनि जागरुकता बढ्न गएको देखिन्छ। जसको फलस्वरूप लेखक तथा बुद्धिजीवीहरू मार्क्सवादी विचारधारासँग नजिक भई प्रगतिवादी साहित्य लेख्ने तथा समालोचना गर्ने कार्यमा क्रियाशीलता आएको पाइन्छ। यसो त वि.सं. २००८ मा लेखक सङ्घको स्थापना भई लेखकीय स्वतन्त्रता र अधिकारका विषयमा लेखन कार्य गतिशील हुँदै थिए। यसपछि प्रगतिशील लेखक सङ्घ (२००९), जनसांस्कृतिक सभा (२०११) स्थापना भई यस कार्यलाई केही रूपमा भए पनि निरन्तरता दिन प्रयासरत थिए। प्रगतिवादी समालोचनाको प्रारम्भ बिन्दु पहिल्याउने क्रममा कृष्णचन्द्र सिंहको *भञ्ज्याङनिरै (२००८)* कवितासङ्ग्रहको भूमिकालाई धेरैले मान्दै आएको देखिन्छ ( भूमिका, पृ. ग)। यसपछि प्रगतिवादी नेपाली समालोचना विभिन्न चरणमा गतिशील रहँदै गएको देख्न सकिन्छ। हाल समाजशास्त्र, दर्शनशास्त्र, अर्थशास्त्र आदिका साथै साहित्य समालोचनामा पनि मार्क्सवादको अनुप्रयोग रहेको सन्दर्भमा विभिन्न विधाका साहित्यमा पनि यसको प्रभाव कुनै न कुनै रूपमा रहँदै आएको छ। मार्क्स र एङ्गेल्सले सूत्रपात गरेको प्रगतिवादी समालोचना परम्परालाई पछिल्लो समयमा लेनिन, प्लेखानोभ, लुना चार्स्की, क्रिस्ट्रोफर कडवेल, जर्ज लुकाज, म्याक्सिम गोर्की, माओत्सेतुङ, क्लारा जेटकिन, हर्बट मारक्युज, ब्रटोल्ड ब्रेख्त आदिका चिन्तनले पनि फराकिलो बनाउन मद्दत गरेको देखिन्छ (अधिकारी, २०५६, पृ. २८)। हाल अन्य क्षेत्रका साथै साहित्य सिद्धान्तमा समेत यसको प्रभाव पर्दै आएको देखिन्छ। समाजका यथार्थ पक्षमा परिवर्तनको अपेक्षा राख्ने भएकाले मार्क्सवाद अर्को शब्दमा प्रगतिवादका रूपमा पनि चिनिएको छ। विशेष गरी वि.सं.

२०३५ को विद्यार्थी आन्दोलन र त्यसको प्रभावबाट २०३६ सालमा घटित जनमतसङ्ग्रहपश्चात् यो प्रगतिवादका रूपमा अनुप्रयोग हुँदै आएको छ। नेपाली साहित्य समालोचनामा पनि अत्यधिक समालोचक र सर्जकहरू यसतर्फ आकृष्ट रहँदै आएको देखिन्छ। प्रगतिवादी समालोचनाका क्रममा मार्क्सवादी सिद्धान्तमा आधारित पुँजीवादको आलोचना र प्रतिरोध, वर्गसङ्घर्षको चेतना, द्वन्द्वात्मक भौतिकवादी दार्शनिक मान्यता र इतिहासको भौतिकवादी व्याख्या, आर्थिक धरातल र आधार, कला साहित्यको सौन्दर्यबोध, रूप र अन्तर्वस्तु संयोजन, समाज व्यवस्थामा कला साहित्यको असमान स्थिति आदि अध्ययनका आधार बन्दै आएका छन्।

मार्क्सवाद पुँजीवादी समाजको विरोधबाट जन्मिएको आर्थिक र राजनीतिक सिद्धान्त हो। उत्पादनका साधनमा आफ्नो स्वामित्वका कारण पुँजीवादले उत्पादन प्रणालीलाई पनि आफ्नो प्रभावमा पार्ने गर्दछ। पुँजीवाद उत्पादनका साधनमा निजी स्वामित्व तथा अतिरिक्त श्रमशोषणमा आधारित आर्थिक अवस्था हो (भट्टराई, २०६९, पृ.१३२)। आफ्नो सर्तमा आधारित श्रम प्रणालीले गर्दा सामन्त वर्गले श्रमिक वर्गलाई सधैँ शोषण गर्दछ र यही शोषणका कारण समाजमा सर्वहारा र पुँजीपति वर्गको जन्म हुन्छ। पुँजीवादले सर्वहारा वर्ग जन्माउने र तिनै सर्वहारा वर्गको शोषणबाट पुँजीवाद टिक्ने धारणा मार्क्सवादले राखेको छ। समाजमा शोषण कायम राख्न निरन्तर उद्यत रहने पुँजीवादी समाज मानवहितमैत्री छैन भन्ने दृष्टिकोणमा पुँजीवादी व्यवस्थाको आलोचक रहेको र त्यसको प्रतिरोधी मान्यताका रूपमा मार्क्सवाद रहेको छ। यस प्रकार पुँजीवादी आर्थिक व्यवस्थाको प्रतिरोधपछि मात्र समाजवादी व्यवस्थाको स्थापना गर्न सकिने धारणा मार्क्सवादको रहेअनुरूप प्रगतिवादी साहित्य अभिमुख भएको देखिन्छ।

वर्गसङ्घर्षको सिद्धान्तलाई ऐतिहासिक भौतिकवादको पूरक सिद्धान्त पनि मानिन्छ। आफ्नो श्रमको शोषण भएको अनुभव भएपछि त्यसको विरोध गर्नु नै वर्गसङ्घर्षअन्तर्गतको अवधारणा हो। यस्तो विरोध मानसिक रूपमा मात्र नभई भौतिक रूपमा नै हुन्छ भन्ने धारणा मार्क्सले राखेको पाइन्छ। आफ्नो श्रमको शोषण भएको अनुभूति मजदुर वर्गले गर्न थालेपछि उनीहरू भौतिक रूपमा नै पुँजीपतिहरूको विरोध गर्न थाल्छन्। यस स्थितिलाई नै वर्गसङ्घर्ष भनिन्छ (देवकोटा र ओझा, २०७३, पृ. १९९)। यसरी दुई वर्गको विचारमा देखापर्ने वैपरीत्य नै यसको मूल कारण हो। समाजमा सम्पत्ति, प्रतिष्ठा र शिक्षाका कारण वर्गीय सत्ता र त्यसको वर्चस्व कायम हुन्छ। मार्क्सले समाजको आजसम्मको इतिहास वर्ग सिद्धान्तको इतिहास हो भन्ने बताएका छन्। दासयुगमा मालिक र दास, सामन्त युगमा सामन्त र किसान, पुँजीवादी युगमा पुँजीपति र सर्वहारा आदिबिच सङ्घर्ष हुने धारणा रहेको पाइन्छ। सङ्घर्ष, पीडा, हिंसा र द्वन्द्वको अन्त्यका लागि वर्गसङ्घर्ष आवश्यक छ। मार्क्सवादमा असमानताको आधार वर्गीय तह हो र यो लिङ्ग, जात आदिसम्म पनि विस्तार भएको धारणा पाइन्छ। मार्क्सवादले समाज विश्लेषणका क्रममा आधार तथा अधिरचना शब्द प्रयोग गर्दै आधारबाट अधिरचना निर्माण हुने धारणा राखेको पाइन्छ। आधारअन्तर्गत वर्ग र अधिरचनाका रूपमा लिङ्ग पर्दछ। यसअनुसार समाजको आर्थिक आधारका रूपमा वर्ग तथा अधिरचनाका रूपमा लैङ्गिक विभेद रहेको देखिन्छ (बिस्ले, सन् १९९९, पृ. ६०-६१)। यस प्रकार पुँजीवादको विरोधका लागि सर्वहारा वर्ग एकजुट हुनुपर्छ, यस्तो सङ्गठित र एकतापूर्ण अवस्था क्रान्तिबाट मात्र सम्भव हुन्छ भन्ने विचारलाई मार्क्सवादले टिकाइराखेको देखिन्छ।

मार्क्सवादको दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद पनि हो। यो प्लेटो प्रतिपादित आदर्शवादको विरोधका रूपमा देखिएको दृष्टिकोण हो। प्लेटो प्रतिपादित चिन्तन आदर्शवादमा

आधारित रहेको हुँदा मार्क्सले द्वन्द्वात्मक भौतिकवादको प्रतिपादन गरेका हुन् भन्ने ठहर छ। विशेषतः प्रकृति र सामाजिक जीवनको विश्लेषण गर्नका लागि मार्क्सले द्वन्द्वात्मक भौतिकवादी मान्यता अघि सारेका हुन् भन्ने भनाइ पनि रहेको छ। यसबारे बिस्ले (सन् १९९९) को भनाइ यस्तो रहेको छ :

> हाम्रो चेतनाले हाम्रो अस्तित्व निर्धारण गर्ने नभएर हाम्रो अस्तित्वले हाम्रो चेतनालाई निर्धारण गर्दछ। यसमा गुणबाट मात्रामा र मात्राबाट गुणमा, निषेधको निषेध तथा विरोधीहरूका बिचको एकता र रूपान्तरण जस्ता तीन महत्त्वपूर्ण नियम रहेका छन्। द्वन्द्वात्मकतालाई भौतिकवादसँग जोड्ने क्रममा यस नियमलाई इतिहास वा समाज विकासको नियमसँग जोडेर प्रस्तुत गरिएको पनि पाइन्छ। खास गरी द्वन्द्वात्मक भौतिकवादी मान्यता साहित्यलाई हेर्ने विचारधाराको एउटा अङ्ग हो भन्ने अवधारणा पाइन्छ। साहित्य र कला सोद्देश्यपरक हुने, समाज परिवर्तनको महत्त्वपूर्ण कारक बन्ने तथा समाज विश्लेषणका सन्दर्भमा आधारअनुसार अधिरचना जन्मने हुँदा आधारका रूपमा वर्ग र अधिरचनाका रूपमा साहित्य रहेको देखिन्छ। (पृ.६०-६१)

यस प्रकार समाजको आर्थिक आधारका रूपमा 'वर्ग' र 'साहित्य' आर्थिक आधारकै अधिरचनाका रूपमा रहन्छ भने लेखक साहित्य सिर्जनाका अतिरिक्त समाज र जनताप्रति प्रतिबद्ध रहने देखिन्छ।

इतिहासको भौतिकवादी व्याख्या मार्क्सवादको अर्को आधार हो। यसलाई ऐतिहासिक भौतिकवादका रूपमा लिइन्छ। मार्क्सवादी दर्शनले इतिहासको विकास नै युग विकासको आधार हो र यसले समाज विकासका नियमहरूको व्याख्या गर्छ भन्ने मान्यता राख्दछ। इतिहासको विश्लेषण गर्ने यस मान्यताले इतिहासको निर्णायक शक्ति जनता, यसमा व्यक्तिको पनि उस्तै भूमिका र वर्ग रहेसम्म युद्ध भइरहनेतर्फ इङ्गित गरेको छ (अधिकारी, २०५६, पृ. ६)। यस भनाइबाट इतिहासको भौतिकवादी व्याख्याका क्रममा सामाजिक ऐतिहासिक घटनाक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने स्पष्ट हुन्छ। मार्क्सवाद सुधारको मात्र नभएर परिवर्तनको पनि परिपोषक सिद्धान्त भएकाले मार्क्सवादी साहित्य सामाजिक परिवर्तनका घटनाक्रमबाट स्वाभाविक रूपमा प्रभावित देखिन्छ। सामाजिक परिवर्तनमा देखापरेको गतिशीलता, पुँजीवादी युगमा बेलायती र फ्रान्सेली क्रान्तिका घटना, वर्गसङ्घर्षका कार्यकलापजस्ता सन्दर्भले भौतिकवादको जन्ममा पूर्वाधारको कार्य गरेका देखिन्छन् (भट्टराई, २०६९, पृ. ३२७)। यसरी ऐतिहासिकतामा आदिम साम्यवाद, दास युग, सामन्तवादी युग, पुँजीवादी युग हुँदै समाजवाद र साम्यवादमा पुग्न सकिने मान्यतालाई मार्क्सवादले अङ्गीकार गरेको छ। आर्थिक आधार र अधिरचनाले नै युग र समाजमा रूपान्तरण ल्याउँछ। आधार सदैव आर्थिक हुने र त्यसै आधारका जगमा धर्म, कानुन, साहित्य, कला, विज्ञान, विचारधारा जस्ता अधिरचना जन्मने विश्वदृष्टि मार्क्सवादले प्रस्तुत गरेको छ।

## विमर्श र नतिजा

प्रगतिवादी चेतना *अनिदो पहाडसँगै* उपन्यासमा देखिएको मूल स्वर हो। यस मूल स्वरअन्तर्गत पुँजीवादको आलोचना र प्रतिरोध, वर्गसङ्घर्षको चेतना, द्वन्द्वात्मक भौतिकवादी दार्शनिक मान्यता र इतिहासको भौतिकवादी व्याख्या प्रमुख रूपमा रहेका छन्। यिनका आधारमा उल्लिखित उपन्यासको विश्लेषण यस प्रकार गरिएको छ :

### पुँजीवादको आलोचना र प्रतिरोध

प्रस्तुत *अनिदो पहाडसँगै* उपन्यासमा पुँजीवादको आलोचना र प्रतिरोधको उपयोग भएको देखिन्छ। यसलाई उपन्यासका पात्रहरूबाट विभिन्न सन्दर्भमा प्रस्तुत गरिएका साक्ष्यहरूले स्पष्ट पारेका छन्। उत्पादनका साधनमा निजी स्वामित्व पुँजीवादी समाजमा रहिरहेसम्म गरिबहरूका पीडा, भय र दर्द मेटिँदैनन् बरु बल्झिरहन्छन्। यसलाई गोरीमायाले बासँग प्रस्तुत गरेको सन्दर्भले स्पष्ट गरेको छ। "जति दुःख गर्दा पनि खान लाउन पुग्दैन भनी हातखुट्टा छोडेर बस्न भएन क्यारे। मेलोमा जानै पऱ्यो, मास्टर साहेबको भाँडा माझ्नै पऱ्यो, दाउराघाँस गर्नै पऱ्यो। सबै गरिब जोतिएकै छन्, मरेकै छन्" (पारिजात, २०७३, पृ. १३ )। उत्पादनमा आफ्नो स्वामित्व रहेका कारण पुँजीवादी समाजमा निम्नवर्गले अत्यधिक रूपमा श्रमको दोहन गर्ने र त्यस शोषणको प्रक्रियाका निम्ति पुँजीवादले सर्वहारा वर्ग जन्माउने सम्भावना प्रबल हुन्छ। त्यसरी गरिएको श्रम दोहनको फाइदा उच्च वर्गको कित्तामा पर्न जाँदा गोरीमाया जस्ता उत्पीडितहरू विद्रोहमा उत्रनु निर्विकल्प रहेको र सो सन्दर्भ उपन्यासमा उद्घाटन गरिएको छ।

वर्गीय विषमताको दर्दमा छटपटिएका मान्छेको दयनीय अवस्थालाई उपन्यासमा चित्रण गरिएको छ। इतिहासदेखि नै ग्रामीण जीवन धानेर बसेका यावत् मान्छेहरू अझैसम्म दीनहीन अवस्थाबाट गुज्रिरहेका छन्। त्यस्ता मान्छेको प्रतिनिधि पात्र उपन्यासकी नायिका गोरीमायाको बाबु घ्यावरिङ बुढा रहेका छन्। श्रीमती र छोरा गुमाएको धेरै वर्ष भइसकेको र छोरीलाई पनि विवाह गरी पठाएपछि एक्लो जीवन बेसहारा बन्दा समग्र जीवनप्रति नै निस्सारताबोध उनमा उत्पन्न हुनु अस्वाभाविक भएन। छोरी गोरीमायालाई रक्सी खाएर पिट्ने, अपशब्द बोल्ने, देख्नेबित्तिकै जे अगाडि पायो त्यसैले पिट्न खोज्ने, मौका पाए आइमाई जातिलाई बेच्न पछि नपर्नेजस्ता कार्य गर्न उद्यत रहने लोग्नेको प्रताडनाबाट गोरीमाया आजित बनेकी छ। यसबाट विदीर्ण मन लिई आफ्नो घरलाई सदाका लागि त्यागेर राति हामफाल्दै बाबुसमक्ष आइपुगेको सन्दर्भ अति नै कारुणिक छ। "छोरीलाई मरोस् भनेर नर्कमा फ्याकिदिएछौ मेरा आबा। लोग्ने भन्नुपर्ने मान्छे त बौलाहा रहेछ घाँटी निमोठेर झन्डै माऱ्यो" (पृ ७)। छोरी दिएर जिम्मा लगाएकी गोरीमाया फर्केर आउँदा तह लागेका बेदनाका बुँदहरू त वर्षन थाले नै, बुढाको मानसिकतामा भयमिश्रित मनोद्वन्द्व नराम्ररी चलेको देखिन्छ। समस्या परेका बेला समाधानका लागि मनदेखि बोलिएको कुरामा समर्थन जनाउने मान्छेहरू भगवान्तुल्य हुन सक्छन्। गोरीमायाले साहेबनीसमक्ष आफ्नो विगत् बताउँदा "चेलीबेटीलाई पात पत्कर सम्झने त्यस्तो बदमासलाई ढुङ्गाले हिर्काएर खप्पर फोरिदिन सकिनस्" (पृ ३३) ? भन्ने भनाइबाट पनि प्रतिरोधको सन्दर्भ प्रस्ट रूपमा प्रकट भएको देखिन्छ।

उपन्यासमा साहेबनीको भोगाइ पनि कम कारुणिक छैन। समालोचक मार्गरेट बेस्टोनको भनाइ छ : "जबसम्म घरेलु काम महिलाकै जिम्मेवारीका रूपमा रहिरहन्छ, तबसम्म उनीहरूलाई पुरुषसरह बाहिरी काममा स्वतन्त्रता र पहुँच हुनै सक्दैन" (टङ, सन् १९८९, पृ. ५३- ५४)। यस विचारले जब महिलाहरू घरभित्रै श्रम गरिरहन्छन्, तब उनीहरू विभिन्न रूपबाट उत्पीडित भइरहन्छन् भन्ने कुरालाई स्पष्ट गर्दछ। परिवारसँग मुग्लान पस्नु नै साहेबनीका लागि दुर्गति साबित हुनु, टुहुरी भएर पचासौँ हण्डर खाएर दुःख पाउनु, थुप्रै-थुप्रै लोग्ने मान्छेहरूबाट शोषित हुनु, घरभित्र वा बाहिर एकान्त पारेर हिंसा गर्ने, दुर्व्यवहार गर्ने काम उनलाई निरन्तर भइरहनु, एक्काइस वर्षमा दार्जिलिङ्को गल्छेडोमा छोरो लालबहादुरलाई जन्माउनु, छोराको बाबु एउटा सम्मानित पुलिस अधिकारी हुँदाहुँदै पनि उसलाई ग्रहण नगर्नु जस्ता भोगाइ उपन्यासमा पुँजीवादका उज्ज्वल साक्ष्य बनेका छन् (पृ. २२)। यस दृष्टिले छोरो जन्मिए पनि घरबार नभएकी असहाय साहेबनीजस्ता नारीलाई उद्धार गर्न समाज मौन रहेको सन्दर्भ निकै घतप्रद देखिन्छ। सामाजिक रूपमा देखिइरहने

यस किसिमको विषम परिस्थितिमा पनि छोरोसहित डि.एस.पि. भीष्मबहादुरसँग घरजम गर्न सफल हुनु प्रतिरोधी चेतनाको उपज मान्न सकिन्छ ।

निम्नवर्गका पुरुषहरू पुँजीवादी समाजबाट शोषित देखिन्छन् । नारीहरू त पुँजीवादी समाज र पुरुष वर्गबाट पनि शोषित बन्दै आएका छन् । गरिब, असहाय, हीन, निच, कमजोर, असभ्य, घरभित्रका कामदार, अबौद्धिक आदि भनेर पुँजीवादी समाजले लगाइदिएको परिभाषाबाट महिला तथा निम्नवर्गका मानिसहरू आजपर्यन्त आक्रान्त बनेको देखिन्छ । प्रस्तुत उपन्यासमा गोरीमायालाई लक्षित गर्ने पञ्चको प्रतिनिधि प्रधानपञ्चको कथन यस्तो छ : "यी आइमाईका जात भनेको पैसाका पुतली हुन् । यै भोटिनी पनि के फुर्ती लाउँछे । मैले चाहेँ भने यसलाई म ओछ्यान बनाइदिन्छु ओछ्यान" (पृ. ३६) । यस प्रकार पुँजीवादी समाजका सामन्तले सामान्य तथा निम्न स्तरका महिलालाई लैङ्गिकताका दृष्टिले तुच्छ, मानवीय मूल्यका दृष्टिले साधन वा वस्तु, वर्गका दृष्टिले निच, कमजोर जीव आदिका रूपमा हेरेको प्रस्ट हुन्छ । वस्तुतः पुँजीवादी समाजमा एउटा असहाय मान्छेलाई गरिने अमानवीय व्यवहारको उच्च सन्दर्भ उपन्यासमा प्रस्तुत भएको छ । यसको प्रतिरोधका रूपमा अन्य पात्रहरू विद्यार्थी, किसान, मजदुर एकैसाथ आन्दोलनमा उत्रिएका छन् ।

**वर्गसङ्घर्षको चेतना**

प्रस्तुत उपन्यासमा वर्गसङ्घर्षका विभिन्न सन्दर्भहरू प्रस्तुत भएका देखिन्छन् । समाजको व्यक्तिगत पुँजी नै समता र स्वतन्त्रताको बाधक हो, असमानताको कारक हो । त्यसैले समतामूलक समाज निर्माणका लागि वर्गसङ्घर्ष अनिवार्य छ भन्ने प्रगतिवादी मान्यताअनुसार उपन्यासमा विभिन्न सन्दर्भहरू प्रस्तुत गरिएका छन् । वर्गसङ्घर्षको यो स्वरूप विद्यार्थी नेतृ सुवानीसँग सारा कार्यक्रम गर्ने एम. आर., साहु पुष्परत्न, अरू विद्यार्थी नेता, लालबहादुर हुँदै विद्यार्थीबाट फैलिएर अभिभावक, किसान, मजदुर र कर्मचारी वर्गसम्म पुगेको छ । जसका फलस्वरूप प्राप्त परिणामले २०३६ सालको जनआन्दोलनको स्वरूप ग्रहण गर्छ । यसबाट उपन्यासमा वर्गसङ्घर्ष उच्च बिन्दुमा पुगेको देखाइएको छ ।

धनी मान्छे र गरिब मान्छेका इच्छा, चाहना र स्वभाव बिल्कुल भिन्न हुँदैनन् । धनी मान्छेले नारी पुरुष जो कोहीलाई इच्छाअनुसार साथी बनाउन सक्ने, मन लाग्दो खान तथा लगाउन सक्ने, घुमफिर गर्नसक्ने तर घ्यावरिङ बुढा तथा गोरीमायाजस्ता गरिबहरूलाई सधैँ हातमुख जोर्न र जिउ जोगाउन नै मुस्किल हुने सङ्घर्षयुक्त अवस्थालाई गोरीमायाको अभिव्यक्तिले यसरी सङ्केत गरेको छ - "मेरो उमेरकी उसकी छोरी काठमाडौँमा बसेर पढ्छे । ल उनको छोरीलाई यो गाउँमा कसैले एक वचन केही भनोस् त खोल्साघरेलाई जस्तो काटेर मिल्काइदिन्छ" (पृ. ३७) । विपन्न परिवारका मानिसले कुनै मन लागेको कुरा व्यक्त गर्नु वा समानताको चाहना राख्नु भनेको आफ्ना भावनाहरूलाई जरादेखि नै निमोठ्नु हो । यसको सुइँको पाउनासाथ पद र शक्तिको उन्मादमा सामन्तहरूले टाउको उठाउन दिँदैनन् । जसको उदाहरण मुला काटेझैँ काटिएको विपन्न खोल्साघरेको कहालीलाग्दो सन्दर्भ उपन्यासमा ज्वलन्त साक्ष्य बनेको छ ।

दसैँ आउँदा सम्पन्न तथा सम्भ्रान्त परिवारमा हर्षोल्लास छाउँछ । सम्पन्नहरू सबै सुखी मन लिएर खुसी साटासाट गर्छन्, मन लाग्दो खान्छन् । उनीहरूले कुनै भोक, रोग र शोकको सामना गर्नुपर्ने हुँदैन । दुःखीका घरमा दसैँ दसैँजस्तो नभई अँध्यारा पाटाहरूको रिल जोडतोडले घुमिरहने हुन्छ । प्रत्येक वर्षको दसैँ उनीहरूका लागि खिन्नता लिएर आउँछ । यस सन्दर्भलाई उपन्यासमा कलात्मक रूपमा यस प्रकार प्रस्तुत गरिएको छ :

चिन्डे गाउँका ठुलाठालु खसीबोकाको पकुवा, भुटुवा, सुकुटी र रक्सीले मात्तिएर दशैँ मनाइरहेका थिए। पुर्पुरोमा धानको भात र मासु खान नजुरेकाहरू मासुभातको यावत् चाहनालाई अँगालेर कामकाजमा लागिसकेका थिए। ठुलाठालुका भोटे कुकुरहरू भने मासु पनि अगस्ती भएर एकातिर पल्टिरहेका थिए। (पृ.३९)

जबसम्म गरिब र निमुखा अर्थात् धानको भात र मासु खान नजुरेकाहरूका लागि चिसिएको चुल्हो बल्ने अवस्था सिर्जना हुदैन, तब वर्गसङ्घर्ष निरन्तर चलिरहन्छ भन्ने आशय उपन्यासको अन्तसम्म नै अन्तर्निर्हित छ। सत्ताको दमन र पीडाबाट प्रताडित सर्वसाधारण, विद्यार्थी, मजदुर, सुकुमबासी आदि सबै स्वतन्त्रताका लागि लडिरहेका देखिन्छन्। उनीहरू निरङ्कुश व्यवस्थाप्रति आक्रामक भएर भौतिक रूपमा नै जाइलाग्न विवश छन्। लालबहादुर, सुवानी आन्दोलनमा होमिइरहेका छन्। यसरी विभेदकारी व्यवस्थाको प्रतिरोधका लागि गरिएको द्वन्द्व परिवारदेखि विभिन्न गाउँ, सहर र राष्ट्रसम्म नै फैलिएको अवस्थाले वर्गसङ्घर्षको चेतना प्रस्तुत उपन्यासमा प्रखर रहेको देखिन्छ।

**द्वन्द्वात्मक भौतिकवादी दार्शनिक मान्यता**

प्रस्तुत *अनिदो पहाडसँगै* उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दार्शनिक मान्यतामा आधारित सन्दर्भहरू उद्घाटित भएका देखिन्छन्। शिक्षा, प्रतिष्ठा र सम्पत्तिका आधारबाट वर्गीय सत्ता र त्यसको खाडल गहिरिँदै गएपछि र आफ्नो श्रमको शोषण भएको अनुभूति मजदुर वर्गले पनि गर्न थालेपछि पात्रहरू भौतिक रूपमा नै सो व्यवस्थाको विरोधमा उत्रिएका छन्। लालबहादुर, सुवानी आन्दोलनमा होमिएका छन्। विद्यार्थी, मजदुर, सुकुमबासी सबै वर्ग निरङ्कुश व्यवस्थाप्रति आक्रामक भएर भौतिक रूपमा नै जाइलागेका छन्। विभेदकारी व्यवस्थाको प्रतिरोधका लागि भएको यो द्वन्द्व परिवारदेखि राष्ट्रसम्म नै फैलिएको छ। सुकुमबासी आन्दोलनका क्रममा प्रहरीद्वारा नै षडयन्त्रपूर्वक डी.एस.पी. मारिएको अवस्थामा छोराको दायित्व निर्वाह गर्दै उसको लास उठाउनुपर्दा लालबहादुरको मानसिकतामा खेलेको परिवेशगत द्वन्द्व यसरी पोखिएको छ :

घरी ऊ सोच्थ्यो, आज मैले मलाई आश्रय दिने मलाई सुविधाजनक जीवन दिने मेरो धर्म बाबुको लास बोकिराखेको छु, आज मैले सामाजिक प्रतिष्ठा बोकिरहेको छु। घरी सोच्थ्यो, आज मैले भोका, नाङ्गा र निहत्था सुकुमबासीहरूलाई बन्दुक र सङ्गीनले दमन गर्ने असभ्य पुलिसको लास बोकेको छु। आज मैले जनताको दुस्मनको लास बोकेको छु। (पृ.१०६)

यसरी उपन्यासमा एकातिर व्यवस्थाको रक्षार्थ खटिएको भीष्मबहादुर आले प्रस्तुत छ भने अर्कातिर त्यसै व्यवस्थाको विरुद्ध उत्रेको विद्यार्थी आन्दोलनको अगुवा नेताका रूपमा लालबहादुर उभिएको छ। शोषण दमनका विरुद्धमा लागिपरेको लालबहादुर आफूलाई लालनपालन तथा सुविधा दिएको धर्मबाबुप्रति हार्दिक र कृतज्ञ रहँदैन (पाण्डे, २०५८, पृ. ३२३)। लालबहादुरको जीवन क्रान्तिविना परिवर्तन सम्भव छैन भन्ने मान्यतामा अडिग छ। उसमा कुनै भावुकता र वैयक्तिक विचलन देखिँदैन, बरु उसको व्यवहार २०३६ सालमा राज्यको निरङ्कुश व्यवस्थालाई जनमतसङ्ग्रहको घोषणा गर्न महत्त्वपूर्ण भूमिकामा छ।

त्यसै गरी गाउँमा कृष्णे कार्कीलगायतले गोरीमाया र उसको बाबुलाई गरेको ज्यादती, साथी प्रेम सुब्बालगायत चार जनाले सुवानीलाई गरेको बलात्कारको ज्यादती, मजदुर, किसान,

विद्यार्थीमाथि दमनात्मक राज्य व्यवस्थाले गरिरहेको शोषण आदिको प्रतिकारस्वरूप निर्माण भएको जनआन्दोलनमा जनताहरूले कि उनीहरू छैनन् कि हामी छैनौँ भन्ने विचार लिई अगाडि बढ्दा अन्ततः शोषक कृष्णेलाई मार्न सफल हुन्छन् "कृष्णे कार्कीलाई लास बनाएर फालिदिए। त्रिशूली अस्पतालमा ल्याउनासाथ मृत घोषित भयो" (पृ. १५९)। यस चेतनाअनुसार सभ्यताको सम्पूर्ण इतिहास नै वर्गसङ्घर्षको इतिहास हो भने साहित्यले पनि यसभन्दा बाहेक परिभाषा बोक्दैन। मार्क्सवादी साहित्य देश, काल, परिस्थितिसापेक्ष हुन्छ भन्ने धारणा राख्ने पारिजात समाजको वर्गीय संरचना तथा यसले निर्माण गर्ने आर्थिक आधार नै वर्गसङ्घर्षको आधार भएको र त्यसअनुरूपको सामाजिक परिवेशको समावेशन उपन्यासमा भएको छ।

## इतिहासको भौतिकवादी व्याख्या

प्रस्तुत *अनिदो पहाडसँगै* उपन्यासमा इतिहासको भौतिकवादी व्याख्याको सशक्त अनुप्रयोग पाइन्छ। इतिहासदेखि नै निर्धा, निमुखा जनताको घोडा चढेर सधैँभरि राज गर्न सकिन्छ भन्ने सामन्तको भ्रमजाल तोडेर जनता आन्दोलित भएको प्रसङ्ग युवा लालबहादुरद्वारा व्यक्त गराइएको छ। परिवर्तनका लागि क्रान्ति आवश्यक छ र शोषणको इतिहास सधैँभरि कायम रहेको उदाहरण संसारभर कहीँ कतै नभएकोतर्फ सङ्केत गर्दै आदिम साम्यवाद, दास युग, सामन्तवादी युग, पुँजीवादी युग हुँदै समाजवाद र साम्यवादमा पुग्न सकिने व्याख्यालाई यसले सङ्केत गरेको छ।

आफूले काम गर्ने घरको युवा लालबहादुरको स्वतन्त्र जीवनबाट प्रभावित गोरीमायाले आफ्नो अतीतको पीडादायी कथा बताउँदा सुवानी भन्छे "काटेर पिउनुपर्छ गोरी बैनी यस्ताहरूको तर त्यस्ता जाली फटाहाहरूलाई पोस्ने यो अपराधी व्यवस्थालाई जनताले जरैदेखि नउखेले त के र ? (पृ. १४२)" अन्यायका विरुद्धमा क्रान्तिकारी योजना तय गर्ने एम.आर. सँग सहकार्य गरी दिनरात परिवर्तनका लागि सङ्घर्षरत सुवानी गोरीमाया र ऊजस्ता कैयौँ उत्पीडितका पक्षमा कार्य गर्दै हिँडेको देखिन्छ। तसर्थः सुवानीका माध्यमबाट उपन्यासमा प्रगतिवादी चेतनाको स्वर उच्च रूपमा प्रकटित भएको छ।

## निष्कर्ष

*अनिदो पहाडसँगै* कृतिलाई औपन्यासिक संरचनागत तत्त्वका आधारमा, औपन्यासिक अन्तर्वस्तुका आधारमा, नारीवादी सिद्धान्तका आधारमा पनि अध्ययन गर्न सकिन्छ। यस लेखमा भने प्रगतिवादी चेतनाका निर्दिष्ट पक्षलाई उपयोग गरेर अध्ययन गर्ने काम भएको छ। समाजका यथार्थ पक्षमा परिवर्तनको अपेक्षा राख्ने भएकाले मार्क्सवाद अर्को शब्दमा प्रगतिवादका रूपमा पनि चिनिएको छ। विशेष गरी २०३५ सालको विद्यार्थी आन्दोलन र त्यसको प्रभावबाट २०३६ सालमा घटित जनमतसङ्ग्रहपश्चात् यो प्रगतिवादका रूपमा अनुप्रयोग हुँदै आएको छ। यद्यपि यसको मूल स्रोत मार्क्सवाद नै हो। *अनिदो पहाडसँगै* उपन्यास आख्यानकार पारिजातको प्रमुख उपलब्धिका रूपमा रहेको छ। यसमा २०३५/३६ सालमा नेपालको राजनीतिमा आएका उतार-चढाव तथा २०१७ सालपछिको पञ्चायती व्यवस्थामा नेपालका पहाड, तराई र उपत्यकाका नेपालीले भोग्नुपरेका पीडा, दुःख, दर्द र सङ्घर्षको चित्रण छ। यसमा वर्गसङ्घर्षका क्रममा सामाजिक वर्गहरू र तिनका बिचको द्वन्द्वलाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ। पुँजीवादी समाजमा हुने वर्गीय उत्पीडन, लैङ्गिक थिचोमिचो, सत्ताको दमन र त्यसका विरुद्धको प्रतिरोध, घात-प्रतिघात, आशा-निराशा आदिको घतलाग्दो सन्दर्भ उपन्यासमा उद्घाटित भएको छ। यसमा मुख्यगरी राजनीतिक र प्रशासनिक अधिकार प्राप्त पञ्चायती शासक वर्गहरूले सत्तामा बसेर स्थानीय सामन्तलाई उपयोग

गर्दै जनतामाथि गरेको चरम शोषण एवम् दमनको विद्रूपतालाई चित्रात्मक शैलीमा प्रस्तुत गरिएको छ। साथै सत्ता विद्रोहको आन्दोलन विद्यार्थीबाट फैलिएर अभिभावक, किसान, मजदुर र कर्मचारी वर्गसम्म फैलिएको छ। श्रमजीवी वर्गको विजयमाथि आशावादिता र पूर्ण विश्वास राखिएको प्रस्तुत उपन्यासमा वर्गसङ्घर्षको उच्च नमुना पेस भएको छ। उत्पादनमा आफ्नो स्वामित्वका कारण पुँजीवादले श्रमजीवीको दोहन गर्छ भन्ने विचारअनुसार समाजमा श्रम दोहन अत्यधिक रूपमा भइरहेको र त्यसको फाइदा उच्च वर्गले नै लिने भएपछि सधैँ शोषणमा पर्ने उत्पीडितहरू द्वन्द्वात्मक भौतिकवादी मान्यताअनुरूप भौतिक रूपमा नै विद्रोहमा उत्रेको सन्दर्भ सुवानी, एम.आर. र गोरीमायाका माध्यमबाट प्रस्तुत भएको छ। उपन्यासमा नेपालको तत्कालीन विद्यार्थी आन्दोलन र त्यसले लिएको राजनीतिक रूप, ठाउँठाउँमा भएका जनसङ्घर्षपूर्ण कार्यहरू, जनमतसङ्ग्रह, पञ्चायतको विजय घोषणा र त्यसपछिका दमनकारी क्रियाकलापका साथमा राजनीतिक कार्यदिशा उपन्यासमा प्रतिबिम्बित छन्। यसरी तत्कालीन परिवेशको यथार्थ चित्रण गरिएको हुँदा यस उपन्यास एउटा ऐतिहासिक अभिलेख सामग्रीका रूपमा प्रस्तुत हुन सक्ने त छ नै उनका अस्तित्ववादी जस्तै प्रगतिवादी औपन्यासिकतामा पनि सफल प्राप्ति रहेको देखिन्छ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, रविलाल (२०५६). *प्रगतिवादी नेपाली समालोचना.* लेकाली प्रकाशन।

घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली (२०५८). *आख्यानकार पारिजात.* हजुरको पुस्तक संसार।

चापागाईं, निनु (२०६७). *मार्क्सवादी साहित्य चिन्तन.* साझा प्रकाशन।

चैतन्य (२०६४). *मार्क्सवादी कलादृष्टि र सौन्दर्य. ऐरावती* प्रकाशन।

ढकाल, घनश्याम (२०५४). *मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना.* विजय ढकाल।

देवकोटा, पदमलाल (सम्पा.) र नेत्र ओझा (२०६३), *समाजका ढाँचाहरू*, एकेडेमिक बुक सेन्टर।

पन्त, साधना (सन् २०१८). उत्तरवर्ती नेपाली उपन्यासमा मार्क्सवादी नारीवाद. *प्रवासन.* २ (२). पृ.१७-३०।

पाण्डे, भवानीप्रसाद (२०६४). *पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद.* अल्टिमेट मार्केटिङ्ग प्रा.लि।

पारिजात (२०७३). *अनिदो पहाडसँगै* (दो.संस्क.). फिनिक्स बुक्स।

बन्धु, चूडामणि (२०५६). मन्तव्य. *प्रगतिवादी नेपाली समालोचना.* (ले.) रविलाल अधिकारी. लेकाली प्रकाशन।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* साझा प्रकाशन।

बिस्ले, क्रिस (सन् १९९९). *ह्वाट इज फेमिनिज्म.* एस ए जिइ पब्लिकेसन।

भट्ट, गोविन्द (२०५५). *मार्क्सवाद साहित्यकोश* (सम्पा.). नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

भट्टराई, रमेशप्रसाद (२०६९). मार्क्सवाद र साहित्य सिद्धान्त. *भृकुटी.* पृ. ३१९ -३४९।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३). *साहित्यशास्त्र र नेपाली समालोचना.* विद्यार्थी पुस्तक भण्डार।

मार्क्स, एङ्गेल्स र लेनिन (सन् १९८८). *ऐतिहासिक भौतिकवाद.* प्रगति प्रकाशन।

सुवेदी, राजेन्द्र (२०६९). *समसामयिक नेपाली उपन्यासको अध्ययन.* पैरवी प्रकाशन।